# तपाइँको साहास र कार्यले ,
# अपराधी लाई पक्रन र थप क्षति
# हुनबाट जोगाउने !

## एक्लै चिन्ता नगर्नुहोस् , चाँडै परामर्श गर्नुस्

**यदि तपाईंको वरपर कोही, जस्तै परिवारको सदस्य वा साथी चिन्तित हुनुहुन्छ भने, तिनीहरूसँग कुरा गर्नुहोस् वा तिनीहरूलाई परामर्श केन्द्रमा परिचय दिनुहोस्।**

## 110मा कल गर्नुहोस्

- **के के भयो , कहिले भयो , कहाँ घटना भयो**
- **घटना स्थिति पीडितको अवस्था**
- **अपराधीको रूप चेहरा , हूलिया तथा विशेषता**

आदि कुराहरू शान्त भई , एक/एक गरेर भन्नुहोस्,




## ▶अन्य सम्पर्कहरू

### प्रत्येक प्रीफेक्चरमा प्रहरी सम्पर्क काउन्टर छ

प्रत्येक प्रीफेक्चर प्रहरीमा , वर्षको ३६५ दिन २४ घण्टा,
घटना तथा क्षतिबारे परामर्श गर्न सक्नुहुन्छ । प्रत्येक प्रीफेक्चर प्रहरीको महिला यौन दुर्व्यवहार बिरुद्ध विशेष तरिका तथा उपायहरूको बारेमा प्रहरी एजेन्सीको HP ( वेबसाइट ) हेर्नुहोस्।

https://www.npa.go.jp/bureau/safetylife/bouhan/chikan/chikantaisaku.html

### यौन अपराध पीडित परामर्श फोन लाइन [#8103]

「#8103」 मा फोन गरेमा , सबन्धित क्षेत्रको प्रीफेक्चर प्रहरी यौन अपराध पीडित परामर्श डेस्कमा तपाइँको कल लाग्छ ।

(प्रहरी बाहेक अरु सम्पर्कहरू )

### यौन अपराध ● यौन हिंसा पीडितको लागि वानस्टप समर्थन केन्द्र 「#8891」

यौन अपराध ･यौन हिंसा पीडितहरू , चिकित्सा सहायता , परामर्श · सल्लाह आदि मनोवैज्ञानिक साहयोग , यो एक परामर्श डेस्क हो जसले साथमा रहेका प्रहरी अधिकारीहरूलाई सहयोग प्रदान गर्दछ।

### यौन दुर्व्यवहार · गैर-सहमति फोटोग्राफी सहने हैन ।

# तपाइँको कदम कार्यले ज्यान बचाउने व्यक्ति पनि हुन्छन् ।




**मियागि प्रीफेक्चर प्रहरी**

## यौन दुर्व्यवहार •गैर -सहमती फोटोग्राफीमा पीडित पर्नुभएको व्यक्ति , पीडितलाई देख्नुभएको व्यक्ति

यौन दुर्व्यवहार •गैर -सहमती फोटोग्राफी गम्भीर अपराध हो !

पीडितले पटक्कै नराम्रो गरेकै छैन्



## [पीडित व्यक्तिहरू]



### तपाइँ वरपरका मानिसबाट मद्दत मग्नुहोस

तपाइँको शरीर तथा नितत्ब (चाक ) झुनु , स्कर्ट तथा अंडरवियरको फोटो खिचेको घटनामा आफ्नो सुरक्षा सुनिश्चित गर्नको लागि , ठूलो स्वरले मद्दत माग्नु , सुरक्षा एपहरु प्रयोग गरेर नजिकको व्यक्तिबाट मद्दत माग्नुहोस्।




### पूलिसलाई 110मा कल गर्नुहोस् वा परामर्श लिनूहोस

यदि तपाइँ सुरक्षित हुनुहुन्छ भने छिट्टै 110मा फोने गरेर पूलिस बोलउनूस । साथै घटना भएको समय बितेको भएँ पनि जुनसुकै बेलामा , कुनैपनि समयमा पूलिससंग परामर्श गर्नुस् । जे जति सानो कुरा भएपनि फरक पर्दैन ।

## [ घटनाको प्रत्यक्षदर्शीहरु]




### पीडितसंग कुरा गर्नुस् अथवा बोलानूहोस ।

यदि तपाइँले घटना हुँदैगरेँको देख्नुभयो भने , नदेखिएको जस्तो गर्नै होइन , [ तपाइँ लाई ठीक छ ?] [पुलिसलाई फोन गरौं ] भनेर पीडितलाई बोलउनू होस् ।

### स्टेशन कर्मचारी , प्रहरी आदि लाई बोलानूहोस ।

स्टेशन कर्मचारी तथा वरपरका व्यक्तिबाट मद्दत मागेर ,पूलिस लाई 110मा फोन त था रिपोर्ट गर्नुस् ।




## क्षतिको रिपोर्ट गरेमा प्रहरीको प्रतिक्रियाको साथ

### तपाइँको सहयोगले नोक्सान थप रोक्न मद्दत मिल्छ ।

प्रहरी बाट , पीडित पर्नु व्यक्तिको मानसिक भार कम गर्न बारे बिचार गर्दै , दोषीलाई गिरफ्तारको लागि अनुसन्धान गरिने छ । पटक्कै रोइकराइ नगरी , प्रहरीमा भर पर्नुस ।



※साथै तल उल्लेख गरिएको एक उदाहरण हो, विशिष्ट प्रक्रिया मामला मा निर्भर गर्दछ।

### प्रहरीबाट घटना स्थल पुष्टिकरण

प्रहरी घटना स्थल गएर स्थिति जाँच , घटना स्थलको फोटो आदि खिचिन्छ , पीडितको गोपनीयता सुनिश्चित तथा उचित ध्यान दिइन्छ।

तपाइँको गोपनीयताको रक्षा गर्दै क्षतिको अनुसन्धान गर्छौं



▼

### हूलिया र प्रमाणहरू पुष्टी

आक्रमणको समयमा लागएको लुगा र समानहरूमा अपराधी गिरफ्तार हुन सक्ने समानहरू फेला पार्न सकिने भएकाले प्रहरीले सापटी लिन सक्छन् ।



अपराधी पक्रनको लागि लुगा कपडाहरू चेक गर्छौं

▼

### पूलिस स्टेसन घटना सबन्धी सोद्पुछ

तपाइँको इच्छा अनुसार प्रहरीअदिकारी रोजेर कुराकानी गर्न सक्नुहुन्छ ।



तपाइँ लाई सजग महशुस हुने प्रहरी अधिकरीसंग कुरा गर्नुस्

▼

### हानीको स्थितिको स्थलगत मूल्यांकन

पीडितको उपस्थितिमा , तेस घटनाको पुनःनिर्माण गरेर अनुसन्धान गर्न सकिन्छ । यदि तपाइँलाई कठिन महसूस भयोभने तुरुन्तै भन्नुहोस्।

यदि तपाइँ समस्यामा हुनुहुन्छ भने , कृपया तुरुन्त प्रहरी अधिकारीलाई सम्पर्क गर्नुहोस्